हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०२

## कार्यपालिका वैठकको कार्यसुची र छलफलका लागि पेश भएका प्रस्तावहरु

| क.सं. | प्रस्तावको संक्षिप्त व्यहोरा | सान्दर्भीक कुरा | प्रस्तावको कारण सम्वन्धीत शाखाको राय | निर्णय हुने पर्ने व्यहोरा |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा | करारका कर्मचारीका निवेदन | करारमा कर्मचारीहरु काम गरिरहेकोले निरन्तरता गर्ने | करारका कर्मचारीको म्याद थप निर्णय गर्न |
| २ | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ सम्वन्धमा | कोष खडा गर्ने | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ पारित भएमा काम गर्न र पहिचान गर्न सजिलो हुने । | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ निर्णय गर्न |

प्रस्ताव पेश गर्ने प्रमुखबाट स्वीकृती

मिति : २०७७०९।२८

दस्तखत :

जमिरलाल संसुग
नगर प्रमुख

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

आज मिती २०७७ साल मांघ महिनाको २ गतेका दिन विहान ७ बजे हरिपुर नगरकार्यपालिकाको वैठक नगर प्रमुख जमिरुदिन मंसुर ज्युको अध्यक्षतामा देहायका पदाधिकारी ज्युहरुको उपस्थितीमा पेश भएका निम्न प्रस्ताव उपर छलफल गरी निर्णय गर्न वैठक वस्यो ।

## उपस्थिती

| क स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | जमिरुदिन मसुर | |
| २ | नगर उपप्रमुख | रेणुका देवी काफ्ले | |
| ३ | सदस्य(वडा अध्यक्ष वडा नं.१) | कुमार लामा | |
| ४ | सदस्य (वडाअध्यक्ष वडा नं.२) | रिखेश्वर कडरिया | |
| ५ | सदस्य (वडाअध्यक्ष वडा नं.३) | महमद हजरत शेख | |
| ६ | सदस्य (वडा अध्यक्ष वडा नं.४) | गुणेश प्रसाद साह | |
| ७ | सदस्य(वडा अध्यक्ष वडा नं.५) | मंसुर मिया | |
| ८ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | ईदी मंसुर | |
| ९ | सदस्य(.वडा अध्यक्ष वडा नं.७) | हृदय नारायण पजियार | |
| १० | सदस्य (वडाअध्यक्ष वडा नं.८) | हरि बहादुर थापा | |
| ११ | सदस्य (वडाअध्यक्ष वडा नं.९) | हरिनाथ प्रसाद साह | |
| १२ | सदस्य (महिला) | परमशिला देवी कानु | |
| १३ | सदस्य (महिला) | मैमुन खातुन | |
| १४ | सदस्य (महिला) | लक्ष्मी देवी | |
| १५ | सदस्य (महिला) | वेद कुमारी वलम्पाकी | |
| १६ | सदस्य (महिला) | सुनैना देवी चौधरी | |
| १७ | सदस्य ( दलित तथा अल्पसंख्यक) | खहेरु कुमर | |
| १८ | सदस्य ( दलित तथा अल्पसंख्यक) | जनक लाल महरा | |
| १९ | सदस्य | रामेश्वर प्रसाद साह | |
| २० | सचिव (.प्रमुख प्रशासकिय अधिकृत) | उदय प्रसाद देवकोटा | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०२

<u>छलफलका लागी पेश भएका प्रस्तावहरु</u>

१. करारका कर्मचारीहरुको म्याद थप सम्वन्धमा

२. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने सम्वन्धमा

## निर्णय नं. १

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको करारका कर्मचारीहरुको म्याद थप सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको छैठौं नगरसभाले यस नगरपालिकामा विगत वर्ष देखि नै काम गर्दै आएका देहाय बमोजिमको कर्मचारीहरुको चालु आ.व. २०७७।०७८ को लागि निजहरुको सेवा नगरपालिकालाई आवश्यक भएकोले देहाय बमोजिमको कर्मचारीहरुको करार सम्झौताको म्याद २०७७ माघ १ गते देखि २०७८ असार मसान्त सम्म थप गरी निम्न अनुसारको तलव भत्ता भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह | हालको पदमा नियुक्ति मिति | तलव स्केल | अन्य सुविधा | प्रति महिना जम्मा तलव | चाडपर्व खर्च | वार्षिक तलव | तलवको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अशोक कुमार थापा | कम्प्युटर अपरेटर | विविध | पांचौ | २०७१।११।२६ | २८२०० | २००० | ३०२०० | २८२०० | ३९०६०० | करार सेवा शुल्क |
| २ | मो. जफरुदिन मंसुर | इलेक्ट्रशियन | विविध | पाँचौ | २०७५।०१।०२ | २८२०० | | २८२०० | २८२०० | ३६६६०० | करार सेवा शुल्क |
| ३ | विद्यानन्द राय | ना.प्र.स्वा. | प्राविधिक | सहायकस्तर | २०७४।१२।२१ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८५२ | करार सेवा शुल्क |
| ४ | रिक् कुमार चौधरी | सामाजिक परिचालक | प्राविधिक | सहायकस्तर | २०७४।०७।०१ | १४४०० | | १४४०० | १४४०० | १८७२०० | करार सेवा शुल्क |
| ५ | सरिता कुमारी मिर्दाहा | सामाजीक परिचालक | प्राविधिक | सहायकस्तर | २०७४।०९।१८ | १४४०० | | १४४०० | १४४०० | १८७२०० | करार सेवा शुल्क |
| ६ | अमित नारायण मिर्दाहा | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७४।०४।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| ७ | पुजा कुमारी साह | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७४।०८।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| ८ | मन्जु कुमारी थापा बस्नेत | कार्यालय सहयेगी | प्रशासन | श्रेणीविहिन | २०७४।११।११ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| ९ | राम नारायण साह | चौकीदार | प्रशासन | श्रेणीविहिन | २०७५।०४।०३ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १० | रत्न माया लोप्चन | कार्यालय सहयेगी | प्रशासन | श्रेणीविहिन | २०७४।०७।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| ११ | चण्डीका मैनाली | कार्यालय सहयागी | प्रशासन | श्रेणीविहिन | २०७६।१२।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिति २०७७।१०।०२

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह | हालको पदमा नियुक्ति मिति | तलव स्केल | अन्य सुविधा | प्रति महिना जम्मा तलव | चाडपर्व खर्च | वार्षिक तलव | तलवको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विलट चौधरी | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७४ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १३ | विरेन्द्र साह | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०६८।१०।२९ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १४ | लक्ष्मी नारायण साह | कार्यालय सहयागी | प्रशासन | श्रेणीविहिन | २०७५।०४।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १५ | सुशिल कुमार सिंह | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७४।०८।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १६ | रहमत मंसुर | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७५।०४।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १७ | रिना देवी चौधरी | कार्यालय सहयौगी | प्रशासन | श्रेणीविहिन | २०७४।०७।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १८ | राकेश राउत | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७४।०७।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| १९ | नौसाद अंसारी | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७१।०९।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| २० | रंजित कुमार साह | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७६।१२।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| २१ | अजिज मिँया | कार्यालय सहयोगी | प्रशासन | श्रेणीविहिन | २०७६।१२।०१ | १९४७६ | | १९४७६ | १९४७६ | २५३१८८ | करार सेवा शुल्क |
| २२ | सोम प्रसाद कडरिया | एड्कसाभेटर सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७५।०९।०१ | २१६०० | | २१६०० | २१६०० | २८०८०० | करार सेवा शुल्क |
| २३ | राजनन्दन दास | टिपर सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७५।०९।०१ | २१६०० | | २१६०० | २१६०० | २८०८०० | करार सेवा शुल्क |
| २४ | जितेन्द्र चौधरी | जेसिवी सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७५।०९।०१ | २१६०० | | २१६०० | २१६०० | २८०८०० | करार सेवा शुल्क |
| २५ | उपेन्द्र साह | हलुका सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७४।०५।०१ | २२००८ | | २२००८ | २२००८ | २८६१०४ | करार सेवा शुल्क |
| २६ | रंजय चौधरी | टिपर सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७६।१०।०२ | १८००० | | १८००० | १८००० | २३४००० | करार सेवा शुल्क |
| २७ | सिद्धान्त ठाकुर | हलुका सवारी चालक | प्रशासन | श्रेणीविहिन | २०७६।१०।०२ | १८००० | | १८००० | १८००० | २३४००० | करार सेवा शुल्क |
| २८ | नगीना मल्लि | मैस्तर | सरसफाइ | निम्नस्तर | २०७५।०४।०१ | १२००० | | १२००० | १२००० | १५६००० | सरसफाइ शुल्क |
| २९ | जगदिश मल्ली | मैस्तर | सरसफाइ | निम्नस्तर | २०७५।०४।०१ | ९६०० | | ९६०० | ९६०० | १२४८०० | सरसफाइ शुल्क |
| ३० | मुसाफिर मलि डोम | मैस्तर | सरसफाइ | निम्नस्तर | २०७५।०४।०१ | १२००० | | १२००० | १२००० | १५६००० | सरसफाइ शुल्क |
| ३१ | महेश मल्लि | मैस्तर | सरसफाइ | निम्नस्तर | २०७६।१२।०१ | १०८०० | | १०८०० | १०८०० | १४०४०० | सरसफाइ शुल्क |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०२

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह | हालको पदमा नियुक्ति मिति | तलव स्केल | अन्य सुविधा | प्रति महिना जम्मा तलव | चाडपर्व खर्च | वार्षिक तलव | तलवको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३२ | राकेश ठाकुर | मेअ | स्वा.सेवा | आठौं | २०७६।१२।१८ | ४०३८० | | ४०३८० | ४०३८० | ५२४९४० | सशर्त स्वास्थ्य |
| ३३ | कन्चन कुमारी राई | अ.न.मी. | स्वा.सेवा | चौथो | २०७२।१२।०८ | २६६१० | | २६६१० | २६६१० | ३४५९३० | स्वा |
| ३४ | सुर्य नारायण चौधरी | ल्याव असिस्टेन्ट | स्वा.सेवा | चौथो | २०७५।११।०१ | २६६१० | | २६६१० | २६६१० | ३४५९३० | स्वा. |
| ३३ | सन्तोष ठाकुर | का.स. | स्वा.सेवा | श्रेणीविहिन | २०७६।१०।०१ | १६००० | | १६००० | १६००० | २०८००० | स्वास्थ्य |
| ३४ | सम्भु साह | का.स. | स्वा.सेवा | श्रेणीविहिन | २०७६।१०।०१ | १६००० | | १६००० | १६००० | २०८००० | स्वास्थ्य |
| ३५ | माधव प्र. भट्टराइ | का.स. | स्वा.सेवा | श्रेणीविहिन | २०७६।१०।०१ | १६००० | | १६००० | १६००० | २०८००० | स्वास्थ्य |
| ३६ | जग्रन्नाथ प्र. सह | का.स. | आयुर्वेद | श्रेणीविहिन | २०७२।०४।०१ | १६८०० | | १६८०० | १६८०० | २१८४०० | आयुर्वेद |
| ३७ | सोमारी खातुन | का.स. | आयुर्वेद | श्रेणीविहिन | २०७४।०४।११ | १४४०० | | १४४०० | १४४०० | १८७२०० | आयुर्वेद |

हरिपुर नगरपालिकामा कार्यक्रम तथा परियोजना तर्फका कर्मचारीहरु

| क्र.सं | कर्मचारीको नामथर | पद | सेवा/समूह | श्रेणी/तह | हालको पदमा नियुक्ति मिति | तलव स्केल | अन्य सुविधा | प्रति महिना जम्मा तलव | चाडपर्व खर्च | वार्षिक तलव | तलवको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आन्नद हरि मैनाली | सुचना प्र. अ. | प्राविधिक | प्रविधि अधिकृत | २०७४।१०।१८ | ३५९९० | | ३५९९० | ३५९९० | ४६७८७० | स्थानीय तह करार पिएलजीएसपी |
| २ | जमाल अहमद | रोजगार संयोजक | प्राविधिक | अधिकृत | २०७६।०१।०२ | ३५९९० | | ३५९९० | ३५९९० | ४६७८७० | स्थानीय तह करार रोजगार कार्यक्रम |
| ३ | नागेन्द्र राम | पोषण स्वयम् सेवक | प्राविधिक | | २०७५।०४।०१ | १५००० | | १५००० | १५००० | १९५००० | स्थानीय तह करार युनिसेफ |
| ४ | अम्विका मैनालि | ना.प्रा.स. | प्राविधिक | चौथो | २०७३।०२।१६ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८५२ | स्थानीय तह करार (एक गाउ एक प्रा) कृषी |
| ५ | अन्जुला थापा | ना.प्रा.स. | प्राविधिक | चौथो | २०७३।११।१७ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८८५० | |
| ६ | मिना दाहाल | ना.प्रा.स. | प्राविधिक | चौथो | २०७३।११।१७ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८५२ | |
| ७ | प्रमोद प्रसाद सत्याल | ना.प्र.स्वा. | प्राविधिक | चौथो | २०७३।०२।१६ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८५२ | स्थानीय तह करार (एक गाउ एक प्रा) पशु |
| ८ | रमेश महतो | ना.प्र.स्वा. | प्राविधिक | चौथो | २०७३।०२।१६ | २६६०४ | | २६६०४ | २६६०४ | ३४५८५२ | |
| ९ | हरिकिशोर महते | एम.एस. अपरेटर | प्राविधिक | पाँचौ | २०७६।०८।०१ | २८२०० | | २८२०० | २८२०० | ३६६६०० | पंजिकरण |
| १० | प्रितिन्जला थापा | एम.एस. अपरेटर | प्राविधिक | पाँचौ | २०७६।०८।०१ | २८२०० | | २८२०० | २८२०० | ३६६६०० | |
| ११ | अमित कुमार महते | फिल्ड सहायक | प्राविधिक | चौंथो | २०७६।०८।०१ | २६६१० | | २६६१० | २६६१० | ३४५९३० | |

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

मिती २०७७।१०।०२

## निर्णय नं. २

कार्यपालिकाको वैठकको कार्यसुचीमा चढी निर्णयका लागी पेश भएको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ पारित गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७ लाई पारित गरी यस नगरपालिकामा कार्यान्वयन ( लागू) गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

# हरिपुर नगरपालिका

# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

नगरकार्यपालिकाबाट स्वीकृत मिति :- २०७७/१०/०२

हरिपुर नगरपालिका
हरिपुर, सर्लाही
प्रदेश नं २

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

# हरिपुर नगरपालिकाको
# लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि,२०७७

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औषधी उपचार गर्न वा पुनस्र्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई सहयोग उपलव्ध गर्ने कार्यलाई सरल,सहज एवं प्रभावकारी बनाउनका लागि लैङ्गिक हिंसा निवारण कोष (संचालन) नियमावली,२०६७ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी हरिपुर नगरपालिकाकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ बनाई लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम हरिपुर नगरपालिकाको "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधी, २०७७" रहने छ ।

(ख) यो कार्यविधि हरिपुर नगरपालिकाको प्रमुखज्यूबाट प्रमाणिकरण भएपछि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले हरिपुर नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसावाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) "घरेलु हिंसा" कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, मानसिक, यौनजन्य क्षति वा पीडा पुर्याउने कार्य सम्झनु पर्दछ र सो शव्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

(च) "कोष संचालन समिति" भन्नाले यस कार्यविधिको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ।

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

३. कोषको स्थापना :

(१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार, राहत र पुनः स्थापना गर्ने काम समेतका लागि हरिपुर नगरपालिकाले लैङ्गिक हिंसा निवारण कोष खडा गरेको छ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ :

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) नगरपालिकाको आन्तरिक श्रोत बाट छुटयाईएको रकम

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

(घ) अन्य कुनै आन्तरिक तथा बाहय स्रोतबाट प्राप्त रकम

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम

(३) उपदफा (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

४.कोषमा रकम जम्मा गर्ने :

नगरपालिकाले प्रत्येक आर्थिक वर्षको वार्षिक बजेटमा कोषको लागि वजेट विनियोजन गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ।

५. कोषको उपयोग :

१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :

क) पीडितलाई तत्काल उद्धार गर्न,

ख) पीडितलाई औषधी उपचार गर्न,

ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

ङ) पीडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोसामाजिक परामर्श लगायतका सेवा प्रदान गर्न,

च) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नका लागि अनुदान उपलब्ध गराउन,

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

छ) पीडित र प्रभावितलाई पुर्नस्थापना गर्न,

ज) अल्पकालिन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

झ) पीडितको लागि कोष परिचालन समितिले तोकेबमोजिमको अन्य काम गर्न,

उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष संचालन समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोरकिशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागुपदार्थको दुर्व्यसनिमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :

कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामको लागि उपयोग गर्न सकिने छैन ।

७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड :

१) नगरपालिकाले कोष परिचालन समिति गठनगरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नुपर्दछ ।

२) कोष संचालन समितिले उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउदा देहाय बमोजिमको रकमको हद र आधार लिनुपर्दछ ।

क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णयगरी वीस हजार रुपैयामाँ नबढ्नेगरी मनासिव रकम,

ख) हिंसा पीडितले कुनै सीपमुलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि बस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृती र औचित्यताको आधारमा प्रति व्यक्ति बढीमा वीस हजार रुपैयाँ,

ग) पीडितलाई कानुनी सहायता, मनोबैज्ञानिक उपचार वा मनोसामाजिक परामर्शको लागि पाचँ हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रागर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीनसय रुपैयाँ र बास बस्नुपर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएका प्रति दिन पाचँसय रुपैयाँका दरले लागेको यर्थाथ खर्च,

ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीनसय रुपैयाँ अस्पतालमा वस्ने व्यवस्था नभई बाहिर बस्नुपर्ने भएमा बास खर्च वापत प्रति दिन पाँचसय रुपैयाँ र उपचार खर्चको यर्थाथ खर्च,

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

च) कोष संचालन समिति तोकेबमोजिमको अन्य कामको लागि कामको प्रकृती, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अप्रयाप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा कोष संचालन समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

८. राहत तथा आर्थिक सहयोग माग गर्न निवेदन दिनु पर्ने :

१. यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) वमोजिम कोष संचालन समितिले निर्णयगरी उपलव्ध गराउनु पर्ने छ ।

(३) उपदफा (२) जुनसुकै कुरा उल्लेख भएता पनि पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) वमोजिम कोष संचालन समितिबाट पछि अनुमोदन गराउने गरी संयोजकले कोषबाट रु १०,०००।– (रु. दश हजार) मात्र नबढने गरी मनासिव रकम पीडितलाई तत्काल उपलव्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) वमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पिडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(९) कोष संचालन समिति गठन :

९.१ कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनकालागि एक कोष संचालन समिति रहने छ ।

९.२ समितिको गठन देहायवमोजिम हुनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) जनस्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (ङ) इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| (च) कानून व्यवसायीहरुमध्येबाट नगरप्रमुखबाट मनोनित एक जना | सदस्य |

(छ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्था मध्येबाट संयोजकले मनोनित गरेको एक जना — सदस्य

(ज) नगर सभा सदस्य (महिला) एक जना — सदस्य

(झ) महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख — सदस्य सचिव

१०. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको उद्धार गर्ने, पुर्नस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलव्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

ख) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको पहिचान गर्ने गराउने,

ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

छ) कोषमा रकम वृद्धिको लागि आवश्यक स्रोतहरुको पहिचान गर्ने,

ज) लैङ्गिक हिंसा पीडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने गराउने,

११. समितिको वैठक र निर्णय :

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ,

ख) समितिको वैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

ग) समितिको कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ,

घ) समितिको वैठक अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरु मध्येबाट छानेको सदस्यले गर्नेछ,

ङ) समितिको वैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ,

च) समितिको आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ,

छ) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राखिनेछ,

ज) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ,

१२. समितिको प्रशासनिक खर्च :

१) समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकमको पाँच प्रतिशत भन्दा बढी हुने छैन ।

२) उपदफा (१) अनुसारको रकमले प्रशासनिक खर्च नपुग्ने भएमा नपुग रकम नगरपालिकाले व्यहोर्ने छ ।

१३. खाता संचालन :

क) कोषको रकम समितिको निर्णय बमोजिम कुनै बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नुपर्दछ ।

ख) उपदफा (क) बमोजिम खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. कोषको लेखा र लेखापरीक्षण :

कोषको लेखा र लेखापरीक्षण नगरपालिकाले अपनाएको लेखाप्रणाली र लेखापरीक्षण प्रकृया बमोजिम हुनेछ ।

१५.कोषको रकम फ्रिज नहुने :

आर्थिक वर्षको अन्त्य सम्म कोषको रकम खर्च नभई बाकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन ।

१६.प्रतिवेदन पेश गर्ने :

१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२) उपदफा (क) बमोजिम पेश गरेको प्रतिवेदन नगरकार्यपालिकाले सार्वजनिक गर्नेछ ।

१७. थप रकम निकासा माग गर्न सक्ने :

(१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्ताको कारण खुलाई कोष संचालन समितिले नगरपालिका सँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा नगरपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१८. आवर्ति (रिभल्भीङ) कोष :

यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१९. बैठक भत्ता :

समितिका संयोजक र सदस्यले समितिको वैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिकमको रकम बैठक भत्ता पाउनेछन ।

२०. कोषको सचिवालय :

कोषको सचिवालय नगरकार्यपालिकाको कार्यालयमा रहनेछ ।

२१. अभिलेख राख्ने :

समितिले आफूले गरेको कामहरुको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२२. निर्देशन दिन सक्ने :

क) नगरकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

ख) उपदफा (क) बमोजिम नगरकार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२३. अधिकार प्रत्यायोजन :

समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगरकार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. कोष खारेज हुन सक्ने :

क) कुनै कारणबस कोष संचालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषमा रहेको बाँकी रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा हुनेछ ।